गुल्मीदरबार गाउँपालिका
Gulmidarbar Rural Municipality

# गाउँ कार्यपालिकाको कार्यालय
## Office of The Rural Municipal Executive

गौंडाकोट, गुल्मी
Gaundakot, Gulmi

लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal

च.नं./Ref.No.:
प.सं./Let.No.:

मितिः २०७९/०४/०१

## सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को नियम (४) को उपनियम (१) मा उल्लेख भए बमोजिम सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले श्रावण महिना देखि कार्तिक मसान्तभित्र सम्बन्धित वडा कार्यालयमा नवीकरणका लागि निवेदन पेश गर्नुपर्ने व्यवस्था भएतापनि त्रैमासिक रुपमा बजेट निकासा हुने भएकोले आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ बमोजिम त्रैमासिक बजेट निकासा गरी असोज मसान्त भित्र पहिलो त्रैमासिकको सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने भएको हुँदा सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहिहरुले स्वयम् उपस्थित भई श्रावण महिना देखि भाद्र मसान्तभित्र अनिवार्य रुपमा सम्वन्धित वडा कार्यालयमा गई नाम नवीकरण गर्नुहुन अनुरोध छ। वालवालिका, पुर्ण अपाङ्ग तथा आफै उपस्थित हुन नसक्ने लाभग्राहीको हकमा निजको बाबु, आमा वा संरक्षकले निवेदन दिन सक्नुहुनेछ।

**सामाजिक सुरक्षा लाभग्राही परिचयपत्र नवीकरण गर्न आउँदा ल्याउनुपर्ने कागजातहरुः**

१. १३ (तेह्र) अङ्क सहितको सामाजिक सुरक्षा लाभग्राही परिचयपत्र,
२. लाभग्राहीको दुई प्रति पासपोर्ट साइजको फोटो,
३. लाभग्राहीको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि
४. लाभग्राहीको सम्वन्धित बैंङ्कवाट जारी भएको चेकको प्रतिलिपि,
५. **दलित वालवालिका**को हकमा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि र बाबु, आमा वा संरक्षकको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
६. सम्वन्ध विच्छेद गरी अर्को विवाह नगरेको **जेष्ठ एकल महिला**को हकमा सम्वन्ध विच्छेद दर्ता प्रमाण-पत्रको प्रतिलिपि र अर्को विवाह नगरेको प्रमाण-पत्रको प्रतिलिपि,
७. विवाह नगरि बसेको **जेष्ठ एकल महिला**को हकमा विवाह नगरेको प्रमाण-पत्रको प्रतिलिपि,
८. **विधवा महिला**को हकमा पतिको मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपि र अर्को विवाह नगरेको प्रमाणपत्रको प्रतिलिपि,
९. न्यायिक पृथकीकरण गरी वसेको महिलाको हकमा न्यायिक पृथकीकरण भएको प्रमाणपत्रको प्रतिलिपि,
१०. **आंशिक अपाङ्गता (ख बर्गका अपाङ्ग)** भएको व्यक्तिको हकमा गाउँपालिकावाट जारी भएको अपाङ्गता परिचयपत्रको प्रतिलिपि र **पुर्ण अपाङ्गता (क बर्गका अपाङ्ग)** भएको व्यक्तिको हकमा गाउँपालिकावाट जारी भएको अपाङ्गता परिचयपत्रको प्रतिलिपि र बाबु, आमा वा संरक्षकको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि,

थप जानकारीका लागिः
गुल्मीदरवार गाउँपालिका (सामाजिक सुरक्षा तथा पञ्जीकरण सेवा इकाई)-९८५७०८५२०९,९८५७०६४७२५मा सम्पर्क गर्न सक्नुहुनेछ ।

**पुनश्च : तोकिएको समयमा नाम नवीकरणका लागि आवश्यक कागजात सहित निवेदन पेश नभएमा सामाजिक सुरक्षा भत्ता प्राप्त नहुने बेहोरा जानकारीका लागि अनुरोध छ ।**

०७९/०४/०१

लक्ष्मण पाण्डे
प्रमुख प्रशासकीय अधिकृत